# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

खण्डः ४ संख्याः ६ मितिः२०७७/०९/०१

## भाग-२

## रतुवामाई नगरपालिका

### रतुवामाई नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ जो दफा १०२ को उपदफा २ बमोजिम रतुवामाई नगरपालिका नगर कार्यपालिकाले पारित गरेको **सामुदायिक विद्यालयमा करारमा शिक्षक/ कर्मचारी नियुक्तिसम्बन्धी कार्यविधि, २०७७** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सामुदायिक विद्यालयमा करारमा शिक्षक/ कर्मचारी नियुक्तिसम्बन्धी कार्यविधि, २०७७

सामुदायिक विद्यालयको स्वीकृत दरबन्दी ,अनुदान, नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने पदमा नियुक्ति हुने करारमा  शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको नियुक्ति सम्बन्धी प्रकृयालाई व्यवस्थित र मर्यादित बनाउन रतुवामाई नगरपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन (संशोधन सहित )  २०७६ को दफा ५६ को उपदफा (२) ले दिइएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद -एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम ‘‘सामुदायिक विद्यालयमा करारमा शिक्षक/ कर्मचारी  नियुक्ति सम्बन्धी कार्यविधि २०७७’’ रहेको छ ।

(२) यो कार्यविधि रतुवामाई नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो कार्यविध तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) ‘‘नगरपालिका’’ भन्नाले रतुवामाई नगरपालिका सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले रतुवामाई नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ सम्झनु पर्दछ।

(ग) "प्रमुख| "भन्नाले रतुवामाई नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रतुवामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ङ) "शिक्षा शाखा" भन्नाले रतुवामाई नगरपालिको शिक्षा हेर्ने शिक्षा शाखालाई सम्झनु पर्दछ।

(च) "शाखा प्रमुख" भन्नाले शिक्षा शाखाको प्रमुखको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारी सम्झनुपर्दछ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा शाखामा कार्यरत अधिकृत स्तरको कर्मचारी सम्झनुपर्दछ ।

(ज) "समिति "भन्नाले आधारभूत तथा माध्यमिक शिक्षा ऐनको दफा ४२ बमोजिमको शिक्षक/ कर्मचारी छनौट समिति सम्झनु पर्दछ ।

(झ) "विषय विषेशज्ञ" भन्नाले ऐन बमोजिम सूचिकृत विषय विशेषज्ञलाई सम्झनुपर्दछु ।

(ञ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयको अध्यापक लाई सम्झनु पर्दछ सो शब्दले बाल विकासका सहयोगी कार्यकर्तालाई समेत जनाउदछ ।

(ट) ‘‘सामुदायिक बिद्यालय’’ भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ ।

(ठ) ‘‘बिद्यालय कर्मचारी’’ भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ ।

(ड) "तोकिएको वा तोकिए" बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियमहरुमा तोकिएको ब्यहोरा सम्झनु पर्छ ।

(ढ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐनको दफा १९ बमोजिम गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद - दुई
## शिक्षक छनौट समिति

**३.** आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ बमोजिम देहाय बमोजिमको शिक्षक/ कर्मचारी छनौट समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. शिक्षा शाखा प्रमुख - सदस्य

ग. शिक्षा अधिकृत वा प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

## परिच्छेद - तीन
## समितिको बैठक तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

४. **समितिको वैठक सम्बन्धी कार्यविधिः** (१) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको स्थान मिति र समयमा बस्नेछ ।

(३) समितको बैठकको निर्णय समितिको अध्यक्षता गर्ने व्यक्ति द्वारा प्रमाणित गरिनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुने छ ।

५. **समितिको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) स्वीकृत दरबन्दी तथा अनुदान कोटाका रिक्त शिक्षक/ कर्मचारी पदमा करार पदपुर्तीको लागि विज्ञापन गर्ने।

(२) शिक्षक/कर्मचारी छनौट लागि परीक्षा सञ्चालन सम्बन्धी काम गर्ने ।

(३) शिक्षक/ कर्मचारी छनौटका लागि लिने परीक्षाको परीक्षा दस्तुर निर्धारण गर्ने ।

(४) शिक्षक /कर्मचारी छनौट गरी करार नियुक्तिको लागि सिफारिस गर्ने ।

(५) नतिजा प्रकासन भएको मितिले १ वर्ष सम्म परीक्षा सम्बन्धित कागजात गोप्य राख्ने ।

(६) समितिले गर्नु पर्ने काम कार्यवाहीको बारेमा ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम तादाम्यता कायम गर्ने ।

## परिच्छेद - चार

## शिक्षक /कर्मचारी छनौट परीक्षा सम्बन्धी व्यवस्था

६. **पदपुर्तीको माध्यमः** (१) सामुदायिक विद्यालयमा रिक्त दरबन्दी तथा अनुदान कोटाका पदहरु खुल्ला प्रतियोगितात्मक माध्यम द्वारा पदपुर्ती गरिनेछ ।

७. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) प्रत्येक सामुदायिक विद्यालयमा रहेको स्वीकृत दरबन्दी वा अनुदान कोटामा रिक्त रहेको शिक्षक / कर्मचारीको विवरण रिक्त भएको मिति ७ (सात) दिन भित्र नगरपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

(२) विद्यालयले उपदफा (१) बमोजिम विवरण पठाउँदा रिक्त दरबन्दी तथा अनुदान कोटा, तहगत र विषयगत विवरण समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विवरण प्राप्त भए पछि दरबन्दी, अनुदान, शिक्षक, कर्मचारी, तह र विषय यकिन गरी पदपुर्तिको लागि शिक्षा शाखाले छनौट समितिमा विवरण पठाउनु पर्नेछ ।

८. **योग्यता र तालिम सम्बन्धी व्यवस्थाः (१)**शिक्षक/ कर्मचारी छनौटका लागि लिइने परीक्षामा सहभागी हुन शिक्षा ऐनले तोकेको शैक्षिक योग्यता तथा तालिम प्राप्त गरेको हुनु पर्नेछ । सो कानुनमा कुनै पदका लागि योग्यता र तालिम नतोकिएको भए प्रचलित कानुनका आधारमा समितिले तोके बमोजिम हुनेछ ।

९. **पाठ्यक्रम, परीक्षण प्रणाली र मुल्याङ्कन प्रकृयाः ( १)**शिक्षक कर्मचारीका लागि लिइने परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली र मुल्याङ्कन प्रकृया शिक्षा सेवा आयोग तथा शिक्षा ऐनमा तोके बमोजिम हुनेछ ।

(२) शिक्षक सेवा आयोग तथा शिक्षा ऐनमा कुनै पदको लागि पाठ्यक्रम नतोकेको भए प्रचलित कानुनका आधारमा समितिले निर्धारण गरे बमोजिमको पाठ्यक्रम हुनेछ।

१०. **प्रतियोगिताका लागि विज्ञापन गर्नु पर्नेः (१)**शिक्षक/ कर्मचारी छनौट समितिले शिक्षा शाखाबाट प्राप्त रिक्त शिक्षक/ कर्मचारी पदपुर्ती गर्न आवश्यक विवरण खुलाई स्थानीय पत्रपत्रिका वा सूचना पाटी वा वेभसाईटको माध्यमबाट कम्तिमा १५ (पन्ध्र)दिनको म्याद राखी विद्यालयगत रुपमा विज्ञापन गराउनु पर्नेछ।

११. **दरखास्त बुझाउनु पर्नेः (१)** प्रतियोगितामा भाग लिन चाहाने उम्मेद्वारले तोकिएको दरखास्त फारम भरी समितिले तोके बमोजिमको दस्तुर दाखिला गरेको निस्सा सहितको विज्ञापनमा तोकिएको स्थान र अविधि भित्र दरखास्त फारम बुझाउनु पर्नेछ ।

१२. **दरखास्तको छानविन र प्रवेशपत्र आदि सम्बन्धी व्यवस्थाः** **(१)**दफा (११) बमोजिम मा पर्न आएका दरखास्त  उपर छानविन गर्दा रीत पुगेको देखिएमा समितिले सम्बन्धित उम्मेद्वारलाई प्रवेशपत्र दिनु पर्नेछ।

(२) समितिले कुनै पनि दरखास्त शर्त राखी स्वीकृत गर्ने छैन।

(३) यस कार्यविधि बमोजिम विज्ञापन वा परीक्षा रद्ध गरिएको अवस्थामा वा उम्मेद्वारको दरखास्त अस्वीकृत भएमा परीक्षा दस्तुर फिर्ता हुने छ। तर दफा २० बमोजिम दरखास्त रद्ध भएमा परीक्षा दस्तुर फिर्ता हुने छैन।

१३. **स्वीकृत नामावलीको सूचि प्रकाशन गर्नु पर्नेः** **(१ )**समितिले दरखास्त दिने अन्तिम म्याद समाप्त भए पछि दरखास्त स्वीकृत  भएका सबै उम्मेद्वारहरुको नामावाली सूची सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

१४. **परीक्षा हुने मिति समय र स्थानः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने परीक्षा समितिले तोकेको मिति, समय र स्थानमा सञ्चालन हुनेछ।

१५. **परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्कः** **( १)** शिक्षक/ कर्मचारीका लागि लिइने परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क  शिक्षा सेवा आयोगले तोके बमोजिम हुनेछ।

(२) शिक्षक सेवा आयोग तथा शिक्षा ऐनमा  कुनै पदको लागि पाठ्यक्रममा नतोकेको भए प्रचलित कानुनका आधारमा समितिले निर्धारण गरे बमोजिमको पूर्णाङ्क र उत्तीर्णाङ्क हुनेछ।

## परिच्छेद - पाँच

## शिक्षक/ कर्मचारी सिफारिस र नियुक्ति सम्बन्धी व्यवस्थाः

१६. **करार सूचिका शिक्षकहरुको सिफारिसः** (१) सामुदायिक विद्यालयको स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटाको रिक्त शिक्षक पदमा शिक्षक कर्मचारी छनौट समितिद्वारा गरिएको खुल्ला प्रतियोगितात्मक पदको विज्ञापनमा शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उम्मेद्वारहरुले तोकिएका कागजातहरु सहित विज्ञापन भएको ७ (सात) दिन भित्र दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको उम्मेद्वारको दरखास्त पर्न आएमा शिक्षक/ कर्मचारी छनौट समितिले उम्मेद्वारहरुले पेश गरेका कागजातहरु आवश्यक जाँच बुझ गरी करार नियुक्तिका लागि नगरपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ।

१७. **सफल उम्मेद्वारहरुको सिफारिसः** (१ ) दफा १६ को उपदफा (१) बमोजिमका कुनै उम्मेद्वारको दरखास्त नपरेमा समितिले लिखित र प्रयोगात्मक परीक्षा लिइएको भए सो परीक्षामा सफल भएका उम्मेद्वारहरुले अन्तरबार्तामा प्राप्त गरेको अंक जोडी सबै परीक्षामा सफल भएका उम्मेद्वारहरुको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यता क्रम प्रकासित गर्नु पर्ने छ। त्यसरी सिफारिस गर्दा उपलब्ध भए सम्म रिक्त पद संख्याको १०

प्रतिशले हुन आउने संख्या वा १ (एक ) पद मध्ये जुन बढि हुन्छ सो उम्मेद्वारको नाम बैकल्पिक सूचिमा राख्नु पर्नेछ।

(२ ) दफा १७ बमोजिम प्रकाशित योग्यता क्रममा आधारमा सफल उम्मेद्वारहरुलाई समितिले नगरपालिकामा विज्ञापन अनुसार करार नियुक्तिका लागि सिफारिस गरी पठाउनु पर्नेछ।

१८. **शिक्षक/ कर्मचारीको नियुक्ति:** (१)शिक्षक/ कर्मचारी छनौट समितिले सिफारिस गरेका शिक्षक/ कर्मचारीलाई नगरपालिकाले करारमा नियुक्ति गरी कामकाज लगाउनु पर्नेछ।

(२) विद्यालयले शिक्षक कर्मचारीलाई हाजिर गराई सो को जानकारी नगरापालिका र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइलाई गराउनु पर्नेछ।

(३) शिक्षक सेवाबाट स्थायी नियुक्ती भई आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवाबाट अवकास हुनेछ।

१९. **बैकल्पिक उम्मेद्वारलाई नियुक्ति गर्न सक्नेः** (१ ) सिफारिस भएको उम्मेद्वारले सिफारिस भएको ७ (सात)दिन भित्र करारमा नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा बैकल्पिक उम्मेद्वारलाई करारमा नियुक्तिका लागि समितिले नगरपालिकामा सिफारिस गरी पठाउने छ।

(२) नगरपालिकाले नियुक्ति गरी पठाएको बैकल्पिक उम्मेद्वारलाई सम्बन्धित विद्यालयले हाजिर गराई कामकाज लगाउनु पर्नेछ।

२०. **दरखास्त रद्ध वा सिफारिस बदर हुन सक्नेः** (१ ) कुनै उम्मेद्वारले झुटा विवरण दिएको प्रमाणित भएमा वा परीक्षा मर्यादा भङ्ग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा समितिले त्यस्तो उम्मेद्वारको दरखास्त रद्ध गर्न वा परीक्षा रद्ध गर्न सक्नेछ।

(२) समितिबाट नियुक्तिको लागि सिफारिस भएको कुनै उम्मेद्वारले नियुक्ति लिन नपाउदै निज सिफारिस हुन नसक्ने कुनै प्रमाणिक कारण उपलब्ध भएमा समितिले त्यस्तो उम्मेद्वारको सिफारिस बदर गर्न सक्नेछ।

## परिच्छेद - छ

## विशेषज्ञ सम्बन्धी व्यवस्था

२१. **विशेषज्ञको सेवा लिन सक्नेः** (१) सामुदायिक विद्यालयमा रिक्त शिक्षक/कर्मचारी पदको परीक्षा सञ्चालनका लागि आवश्यक मात्रामा समितिले विषय विशेषज्ञ प्रयोग गर्नेछ । विषय विशेषज्ञको योग्यता र सूचीकृत सम्बन्धी व्यवस्था शिक्षा ऐनले तोके बमोजिम हुनेछ।

२२. **विषय विशेषज्ञ छनौट सम्बन्धी व्यवस्था:** (१) शिक्षक/ कर्मचारी छौटनको लागि लिइने खुला प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्न समितिले रतुवामाई नगरपालिकामा सूचिकृत भएका विषय विशेषज्ञहरुलाई आवश्यक मात्रामा छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिम रतुवामाई नगरपालिकामा सूचिकृत विषय विशेषज्ञ सम्बन्धित विषयको उपलब्ध हुन नसकेमा शिक्षा ऐनले तोके बमोजिमको योग्यता पुरा भएको विषय विशेषज्ञलाई समितिले अन्य नगरपालिकाबाट छनौट गरी विशेषज्ञ सेवा लिन सक्नेछ।

## परिच्छेद- सात

## विविध

२३. **गोप्य रहने:** (१) समितिले लिने परीक्षा सम्बन्धित सवै प्रकारका अभिलेख गोप्य रहने छन्।

२४. **परीक्षा र विज्ञापन रद्ध गर्न सक्ने: (१)** परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी भएमा कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा सञ्चालन हुन नसकेमा समितिले सो दिनको परीक्षा कारण जनाइ रद्ध गर्न सक्नेछ।

२५. **यस कार्यविधि बमोजिम हुने:** (१)यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम हुने छन नलेखिएका कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछन।

२६. **कार्यविधिको व्याख्या:** (१)यस कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुने छ।

२७. **नियम जारी गर्न सक्ने:** (१) समितिले आफ्नो काम कार्यवाहीलाई सुचारु रुपले सञ्चालन गर्नको लागि ऐन र कार्यविधिको अधिनमा रही आवश्यक नियम जारी गर्न सक्नेछ।

२८. **बाधा, अड्काउ फुकाउ:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ फुकाउ परेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ।

आज्ञाले,
दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत